जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक ;
प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलको अध्यक्षतामा आज मिति २०७७/०८/१७ गते बुधवारबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहामा बस्यो ।

**विशेष उपस्थिति:**

समन्वय प्रमुख, श्री रामचन्द्र ठाकुर, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा ।

उपस्थित:

| क्र.स. | पद | नाम थर | कार्यालय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | श्री प्रदीपराज कणेल | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | प्रमुख सेनानी | श्री जितेन्द्र कुमार गौली | शेरगण चोहर्वा व्यारेक, सिरहा | |
| ३ | प्रहरी उपरीक्षक | श्री उमा शंकर पंजियार | जिल्ला प्रहरी कार्यालय, सिरहा | |
| ४ | स.प्र.उ. | श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण | |
| ५ | उप. अनु. नि. | श्री तुलसीराम प्रसाई | जि.रा.अनु.का., सिरहा | |
| ६ | नि. समन्वय अधिकारी | श्री सुजित कुमार यादव | जिल्ला समन्वय समिति, सिरहा | |
| ७ | स्वास्थ्य कार्यालय प्रमुख | श्री कृपादेव यादव | स्वास्थ्य कार्यालय सिरहा | |
| ८ | राजदल यादव सभापति रेडक्रस | राजदल यादव | रेडक्रस सिरहा | |
| ९ | नि. मे. सु. | डा. सुभाष चन्द्र मण्डल | जिल्ला अस्पताल सिरहा | |
| १० | अध्यक्ष | प्रमोद कु. पाण्डे | उ.वा. संघ सिरहा | |
| ११ | कोभिड प्रमुख सहायक | देव कुमार यादव | नेपाल रेडक्रस | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

## बैठकको कारवाही एवम् निर्णय

१. कोभिड-१९ व्यवस्थापनमा सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचारार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु | म | ज | | | | | | | | |
| सिरहा | 0 | ० | ८ | १८५ | ० | ० | ० | ८६०८ | ११५ | ३३ | ८ | ४१ | १५४६ | ११८७४ | ११८५६ | १६१० | ४१ | १५४६ | २३ | ३४०० |

२. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १६३६ मिति २०७७/०८/१६ को प्राप्त पत्रको निर्देशन बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै./३२१/२२२१ मिति २०७७/०८/१० गतेको पत्र मार्फत कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्वन्धमा स्वास्थ्य र सुरक्षा सम्वन्धि मापदण्ड पालना गर्ने गराउने गरी संक्रमक रोग ऐन, २०२० को दफा २ बमोजिम आदेश जारी गर्ने सम्वन्धि बैठकको निर्णयको व्यहोरा बैठकमा अवगत भयो। साथै सोही बमोजिम गर्ने गराउने।

३. गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १५३३ मिति २०७७/०८/०७ को प्राप्त पत्रको निर्देशन बमोजिम नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय र स्वीकृतिका आधारमा माननीय मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत कोभिड-१९ का सन्दर्भमा " **विद्यालय संचालन सम्वन्धि कार्यढाँचा २०७७** " को व्यहोरा बैठकमा पुन: अवगत भयो।

सो बोध हुन सबै (१७ वटै) स्थानीय तह समेतमा पुन: अनुरोध गर्ने।

कोभिड-१९ संक्रमण जोखिम रहेको अवस्थामा विद्यालय संचालन नभएको तथा बैकल्पिक शिक्षण सिकाई समेत नभएको वा न्यून रहेको अवस्थामा विद्यार्थीहरुबाट स्वीकृत व्यवस्था विपरित शुल्क नउठाउन शिक्षा विकास समन्वय इकाई एवम् सबै (१७) स्थानीय तह मार्फत सम्वन्धित विद्याल्यहरुलाई अनुरोध गरी सो सम्वन्धमा स्थानीय तह मार्फत नियमन गर्ने।

४. कोभिड-१९ संक्रमण जोखिम न्यूनिकरण गर्न जिल्ला प्रशासन कार्यालय (सिरहा) बाट २०७७/०८/१७ को राती १२:०० बजे देखि ऐ. ३० गतेको राती १२:०० बजे सम्म निषेध गरिएको आदेशको कार्यान्वयन एवम् नियमनमा क्रियाशिल हुने।

५. सिरहा अस्पतालमा PCR Lab जडान एवम् संचालन गर्न सहजीकरण गर्ने।

६. कोभिड-१९ सम्वद्ध सिरहा अस्पताल र मातहत संचालित आइसोलेसनमा खटिने स्वास्थ्यकर्मीहरुको बक्यौता तलव/भत्ता र विरामीहरुको खाना/ खाजा खर्चको बक्यौताको रकम लामो समय देखि निकासा नभई भुक्तानी हुन कठिन भै रहेकोमा तुरुन्त निकासाकालागि पुन: प्रदेश नं. २ मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने।

७. महेन्द्र गेनाईमा संचालित आइसोलेसन सेन्टरको विजुली विल भुक्तानीको बक्यौता रकम तिरी सहयोग गर्न धनगढीमाई न.पा.मा अनुरोध गर्ने।